# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खर्स्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०८१/०८२
चलानी नं. :

9857078307, 9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


मिति २०८१।०९।२५
ने.सं.११४५, पोहेलाथ्व दशमी

### प्रस्ताव आह्वान सम्बन्धि सूचना

प्रस्तुत विषयमा रिव्दीकोट कृषि परियोजनाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने रिव्दीकोट गाउँपालिका कार्यपालिकाको मिति २०८१/०६/०६को निर्णयानुसार, रिव्दीकोट गाउँपालिकाको आ.व.२०८१/०८२ अन्तर्गत (RAP) को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिका वडा नं. ६ ठिमुरे, वडा नं.७ पालुङ र वडा नं.८ काउलेमा बाखाको खोर निर्माण कार्यक्रम सञ्चालन हुने भएकोले परम्परागत बाखापालन गर्दै आएका यस कार्यक्रममा सहभागी हुन ईच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिल बमोजिमको कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्तावनाको साथ पेश गर्नुपर्ने निवेदन र प्रस्तावनाको ढाँचा यसै गाउँपालिकाको सबै वडाहरु र पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावनाहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

**कार्यक्रम सञ्चालनका न्युनतम मापदण्डहरु :**

| क्र.सं. | कार्यक्रमको नाम | न्युनतम कार्यक्रम मापदण्ड | छनौट भएका प्रस्तावकले गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम संचालनको लागत साझेदारी र सिमा |
|---|---|---|---|---|
| १. | बाखाको खोर निर्माण कार्यक्रम **(संख्या-१५)** | क) कम्तिमा ५ माउ बाखा पाल्दै आएको हुनुपर्ने छ । ख) परम्परागत रुपमा यवसायिक बाखा पालन गरेको हुनुपर्ने छ । | क) परियोजना बाट अनुदानमा ५मि.ल. र ३ मि. चौडाई क्षेत्रफल बमोजिमको आधुनिक बाखाको खोर निर्माण गर्नुपर्नेछ ख) परम्परागत बाखा पालनलाई आधुनिक बाखापानल व्यवसाय तर्फ रुपान्तरण गर्नुपर्ने छ । | प्रति कृषक वजेटको परिधिमा रहि ५०% वा बढिमा रु.४५ हजार मात्र । |

संलग्न गनुपर्ने कागजातहरु :

१. अनुसुची- २ वमोजिमको निवेदन ।
२. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी ।
३. जग्गा लालपुर्जाको प्रतिलिपी ।
४. कार्यक्रम संञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव अनुसुची -३
५. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

***आवश्यक जानकारीको लागि*** : श्री गीता नेपाली स.नं.९८६७०३५१३७

मणि प्रसाद खनाल
नि.प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

*"गुणस्तरीय आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकासको माध्यमद्वारा समृद्ध रिब्दीकोट ।"*